# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## विदेशी लगानी तथा विदेशी ऋण लेखाङ्कन गर्ने सम्बन्धी
## सूचना

**नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८** मिति २०७८/०२/१७ मा स्वीकृति भई यस विभागको मिति २०७८/०२/२५ को परिपत्र बमोजिम लागू भई कार्यान्वयनमा आएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

उक्त विनियमावली लागू भएपश्चात् भित्रिएको विदेशी लगानी र विदेशी ऋणको लेखाङ्कन सोही विनियमावलीको क्रमश: विनियम ५ को उपविनियम (१) र विनियम ८ को उपविनियम (१) बमोजिम गराउनुपर्नेछ ।

तर, उक्त विनियमावली लागू हुनुपूर्व भित्रिएको विदेशी लगानी बापतको रकम वा प्रचलित व्यवस्थाबमोजिम विदेशी लगानी भएको र विदेशी ऋणबापतको रकम तर यस बैंकमा लेखाङ्कन भइनसकेको हकमा त्यस्तो लगानी तथा ऋण सोही विनियमावलीको क्रमश: अनुसूची-६ र अनुसूची-१३ बमोजिमका कागजातहरु संलग्न गरी मिति २०७९/०२/१६ सम्म एकल विन्दु सेवा केन्द्र, विदेशी विनिमय सहजीकरण एकाईमा लेखाङ्कन गर्नु/गराउनुहुन सम्बन्धित विदेशी लगानीकर्ता तथा विदशी लगानी रहेका कम्पनी/उद्योग र ऋणीको जानकारीका लागि नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को विनियम ५ को उपविनियम (२) र विनियम ८ को उपविनियम (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

नोट: नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ यस बैंकको वेवसाइट (https://www.nrb.org.np/contents/uploads/2021/06/FXMD-Circular-NRB-Foreign-Investment-and-Loan-Mgt-Bylaw-2078.pdf) बाट प्राप्त गर्न सकिने छ ।

भवदीय,

रामु पौडेल
(कार्यकारी निर्देशक)

प्रकाशित मिति: २०७८/०३/०४